**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 11.07.2025**

## मुख्यमन्त्रीद्वारा सोरेङ क्षेत्रको पर्यटन सम्भावनामा उत्साहजनक प्रतिक्रिया

मुख्यमन्त्री प्रेमसिंह तामाङले सोरेङ क्षेत्र सिक्किमको नयाँ र उदाउँदो पर्यटकीय गन्तव्यको रूपमा स्थापित हुँदै गएकोमा खुशी र गर्व व्यक्त गर्नुभएको छ। उहाँले सामाजिक सञ्जालमार्फत भन्नुभएको , "सिक्किमका लागि यो एक गर्वको क्षण हो, किनभने कोलकातामा हालै सम्पन्न प्रतिष्ठित ट्राभल एण्ड टुरिज्म फेयर (TTF) मा सोरेङ क्षेत्रलाई राज्यका सबैभन्दा आशाजनक नयाँ गन्तव्यहरू मध्ये एकका रूपमा प्रस्तुत गरिएको छ।"जानकारी गराइन्छ, सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले (71) एकातर सदस्यीय प्रतिनिधिमण्डलसहित TTF कोलकाता 2025 मा सक्रिय सहभागिता जनाएको छ। प्रतिनिधिमण्डलमा पर्यटन क्षेत्रसँग सम्बद्ध विभिन्न सरकारी अधिकारीहरू, निजी व्यवसायी, होटल व्यवसायी, ट्राभल एजेन्सी, गाइडहरू तथा अन्य सरोकारवाला पक्षहरू समावेश छन्।

## मुख्यमन्त्री प्रेमसिंह तामाङ

सिक्किम क्रान्तिकारी मार्चा पार्टीका अध्यक्ष तथा मुख्यमन्त्री प्रेमसिंह तामाङले हिजो बेलुकी पार्टीको कोषबाट आर्थिक रुपले विपन्न भएका विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने 21 जना मेधावीहरूलाई वर्ष 2025-26 का लागि लाग्ने एकमुष्ठ शैक्षिक खर्च (कोर्ष फी) प्रदान गर्नुभयो। मुख्यमन्त्रीले यसरी वार्षिक रूपमा लाग्ने एकमुष्ठ शैक्षिक खर्च वर्तमान क्रान्तिकारी मार्चा पार्टी सत्तामा आएदेखि प्रदान गर्दै आउनु भएको छ।

## नाबार्डको 44औं स्थापनादिवस गान्तोकमा सम्पन्न

राष्ट्रिय कृषि तथा ग्रामीण विकास बैंक (नाबार्ड)ले आफ्नो 44 चौवालिस औं स्थापनादिवस आज गान्तोकमा पालन गरेको छ। कार्यक्रममा राज्यका ग्रामीण समुदायहरूलाई केन्द्रित गर्दै समावेशी र दिगो कृषि तथा ग्रामीण विकासप्रति संस्थाको प्रतिबद्धता पुनःप्रस्तुत गरिएको थियो ।कार्यक्रमको प्रमुख अतिथिको रूपमा सिक्किम सरकारको सहकारी विभागकी सचिव ग्लोरिया नाम्चुको उपस्थिति रहेको थियो। हाम्रो संवाददातासग कुराकानी गर्दै प्रमुख अतिथिको श्रीमती लेप्चाले भन्नुभयो....

## नयाँ अध्ययनले बताएअनुसार दक्षिण ल्होनाक हिमाल उच्च जोखिमपूर्ण अवस्थामा

राज्य सरकारले हिमताल सम्बन्धि जोखिमहरूको अध्ययन गर्न गठन गरेको उच्चस्तरीय आयोगले गरेको अध्ययनअनुसार उत्तर सिक्किमको दक्षिण ल्होनाक हिमताल पुन जोखिमपूर्ण बनेको छ। 2023-मा यसै हिमनदीको एक भाग फुट्नाले टिस्टा नदीमा भयानक बाढी आएको थियो भने हालै भएको अध्ययनले यो हिमताललाई पुनः "उच्च जोखिमपूर्ण श्रेणी"मा राखेको छ।2023 को हिमताल विष्फोट बाढीपछि यो हिमतालमा पानीको सतह 24 मिटरले घटेको थियो भने अहिले फेरि खतरनाक स्तरमा भरिएको छ, जसका कारण हिमताल उच्च जोखिमपूर्ण अवस्थामा पुगेको छ।सिक्किमको विज्ञान तथा प्रविधि विभागका प्रमुख निर्देशक एवम् सचिव धिरेन

श्रेष्ठले जानकारी दिएअनुसार सिक्किमका अन्य 15 वटा हिमतालहरूसँगै यस ताललाई उच्च जोखिमको श्रेणीमा राखिएको छ। उच्च जोखिममा रहेका 16 वटा हिमतालमध्ये 3 वटा पश्चिम सिक्किममा र बाँकी उत्तरमा अवस्थित छन्।उच्च जोखिम कारकलाई ध्यानमा राख्दै र भविष्यका प्रकोपहरूबाट जोगिन सिक्किम सरकारद्वारा हिमनदीबाट उत्पन्न खतराहरूको अध्ययन गर्न गठित 13 सदस्यीय उच्च-स्तरीय आयोगले अहिले अध्ययनको क्रम जारी राखेको भए तापनि, दक्षिण ल्होनाक ताल भने सबैभन्दा सोचनीय स्तरमा पुगेको बताइएको छ।

**MSME**

वाणिज्य तथा उद्योग विभागका  मन्त्री छिरिङ टी भुटियाको

निर्देशनमा सूक्ष्म, साना तथा मध्यम उद्यम (MSME) मन्त्रालयको विकास तथा सुविधा कार्यालय गान्तोकका अधिकारीहरूको एक टोलीले जुलाई 10 मा गेजिङ जिल्लाको  रिम्बी-टिम्ब्रोंग र खेचुपेरी क्षेत्रको स्थलगत निरीक्षण सम्पन्न गरेको छ। निरीक्षणको उद्देश्य प्रस्तावित सूक्ष्म र साना उद्यम इकाइहरूको सम्भाव्यता मूल्यांकन गर्नु थियो। प्रमुख प्रस्तावहरूमा रिम्बी नजिक सायदाङ क्षेत्रमा कपडा उद्योग र परम्परागत सिक्किमी पोशाक निर्माण केन्द्र स्थापना, साथै खेचुपेरीमा पर्यटनमा आधारित साझा सुविधा केन्द्र (CFC) स्थापनाको योजना समावेश छन्। यी परियोजनाहरूले आत्मनिर्भरता अभिवृद्धि, स्थानीय रोजगारी सृजना र क्षेत्रीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।